लागू मितिः२०८३।०६।३०

# सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन,२०८३

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर निवारण गर्ने सम्बन्धमा बोर्डबाट अनुमतिपत्र प्राप्त संस्थाको काम कारबाहीलाई थप नियमित र व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७प.को उपदफा (२), धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ८७ को उपदफा (१) तथा वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ को दफा ३० को उपदफा (१) बमोजिमको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डले देहायको निर्देशन जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशनको नाम "सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन,२०८३" रहेको छ।

(२) यो निर्देशन बोर्डले तोकेको मिति देखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशनमाः-

क० **"इन्भेष्टमेन्ट कम्पनी"** भन्नाले धितोपत्रमा लगानी गर्ने उद्देश्य सहित स्थापना भएको पाँच करोड रूपैंया वा सो भन्दा बढी चुक्ता पूँजी वा दश करोड वा सो भन्दा बढी बार्षिक धितोपत्रको कारोबार भएको कम्पनी सम्झनु पर्दछ। सो शब्दले अन्य नियमनकारी निकायहरूले सुपरिवेक्षण गर्ने संस्थाहरूलाई जनाउने छैन।

ख० **"ऐन"** भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ सम्झनु पर्छ।

ग० **"नियमावली"** भन्नाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण नियमावली, २०८१ सम्झनु पर्छ।

घ० **"बोर्ड"** भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम स्थापित नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ।

ङ० **"लक्षित वित्तीय कारवाही सम्बन्धी कार्यविधि"** भन्नाले बोर्डबाट धितोपत्र व्यवसायीहरूका लागि जारी लक्षित वित्तीय कारवाही सम्बन्धी कार्यविधि सम्झनु पर्छ।

च० **"सूचक संस्था"** भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम धितोपत्र सम्बन्धी व्यवसाय गर्न वा वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ बमोजिम वस्तु विनिमय सम्बन्धी व्यवसाय गर्न बोर्डबाट अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी वा वस्तु कारोबार व्यवसायी संस्था सम्झनु पर्छ र सो शब्दले धितोपत्रको ओटिसी कारोबार संचालन गर्ने धितोपत्र बजार र वस्तु विनिमय बजार समेतलाई जनाउनेछ।

छ० **"सम्बद्ध कसूर"** भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ र वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ मा उल्लिखित कसूरहरू सम्झनु पर्छ।

ज० **"सूचिकृत व्यक्ति"** भन्नाले ऐनको परिच्छेद ६ख. र नियमावलीको नियम ६९ बमोजिम प्रकाशन गरिने व्यक्ति, समूह वा सँगठनको सूची भन्ने सम्झनु पर्छ।

३. **<u>जोखिममा आधारित आन्तरिक नीति, कार्यविधि तथा कार्य:</u>** (१) सूचक संस्थाले ऐनको दफा ७त. को उपदफा (१) बमोजिम आन्तरिक नीति तथा कार्यविधि बनाउँदा जोखिम मूल्याङ्कनमा आधारित भएर बनाउनु पर्नेछ।

(२) सूचक संस्थाले सम्पादन गर्नु गराउनु पर्ने ग्राहक पहिचान, पहिचानको वर्ग विभाजन, हेरफेर, आवश्यक विवरण तथा कागजात निर्धारण, अनुगमन, जोखिम मूल्याङ्कनमा आधारित हुने गरी तय गर्नु पर्नेछ।

(३) सूचक संस्थाले आन्तरिक नीति तथा कार्यविधि बनाई लागू गर्दा त्यस्तो नीति तथा कार्यविधिमा देहायका विषयहरु समेत समावेश गर्नु पर्नेछः-

(क) कर्मचारीको आन्तरिक जिम्मेवारी तथा कार्य विभाजन,

(ख) जोखिम मूल्याङ्कन प्रणालीको आधार तथा पद्धति,

(ग) जोखिममा आधारित ग्राहक पहिचान, सम्पुष्टि, अद्यावधिक तथा अनुगमन पद्धति,

(घ) अस्वभाविक तथा शंकास्पद कारोबारको पहिचान गर्ने पद्धति र सोको आधार,

(ङ) ऐनको परिच्छेद ६ख. र नियमावलीको परिच्छेद ६ बमोजिम सम्पत्ति तथा कोष रोक्का सम्बन्धी गर्नुपर्ने कार्यहरु सम्पन्न गर्ने पद्धति,

(च) ऐन, नियमावली र यो निर्देशन प्रभावकारी रूपमा पालना गर्न आवश्यक पर्ने अन्य बिषय,

(छ) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य तथा आम विनाशकारी हातहतियार निर्माण वा विस्तारमा हुने वित्तीय लगानी निवारण सम्बन्धी रणनीति तथा कार्य योजना कार्यन्वयन गर्ने पद्धति,

(ज) पुँजी, कारोबार र जोखिमको आधारमा वास्तविक धनीको पहिचान गर्ने पद्धति,

(झ) उच्च पदस्थ व्यक्ति तथा सूचीकृत व्यक्तिको परिक्षण (स्क्रिनिङ्ग) गर्ने व्यवस्था,

(ञ) ऐनको दफा ७ढ. को उपदफा (१) तथा यस निर्देशनको दफा १४ मा उल्लिखित खास कारोबारका सम्बन्धमा शंकास्पद कारोबार पहिचान गर्ने प्रणाली,

(ट) ऐनको दफा ३५ङ. बमोजिम परिपालना परीक्षकबाट सम्परीक्षण गराउने व्यवस्था,

(ठ) संस्थागत जोखिम मूल्याकंनको वार्षिक रुपमा स्वतन्त्र तेस्रो पक्षबाट समीक्षा गर्ने व्यवस्था,

(ड) सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी संस्थागत क्षमता अभिवृद्धि गर्ने व्यवस्था,

(ढ) ऐन, नियमावली र यो निर्देशन पालना गर्न अन्य आवश्यक विषय।

(४) सूचक संस्थाले प्रचलित कानूनमा भएको परिवर्तन, जोखिम मूल्याङ्कन, व्यवसाय र प्रविधिमा भएको परिवर्तन, कसूर गर्ने तरिका तथा प्रवृत्तिमा आएको परिवर्तन समेतको आधारमा वार्षिक रुपमा आवश्यक संशोधन गरी जोखिममा आधारित नीति, कार्यविधि तथा कार्ययोजनामा अद्यावधिक गर्नु पर्नेछ।

४. **<u>ग्राहक पहिचान तथा सम्पुष्टि गर्ने तरिका:</u>** (१) सूचक संस्थाले प्राकृतिक व्यक्तिको हकमा अनुसूची–१ र कम्पनी वा सँगठित संस्थाको हकमा अनुसूची–२ बमोजिम तयार गरिएको ग्राहकको पहिचान तथा सोको सम्पुष्टि गर्दा देहाय बमोजिम गर्नु पर्नेछः–

(क) संस्थाले ऐनको दफा ७क. र नियमावलीको नियम ४ तथा नियम ५ बमोजिम ग्राहकको पहिचान तथा सोको सम्पुष्टि गर्नु पर्नेछ।

(ख) ग्राहकको नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको विद्युतीय अभिलेखमा रहेको विवरणको पहुँचका आधारमा सूचक संस्थाले नियमावलीको नियम ३ बमोजिम ग्राहकको पहिचान तथा सम्पुष्टि गर्नु पर्नेछ।

(ग) विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेः

(अ) ग्राहक पहिचान तथा सम्पुष्टि सम्बन्धी नीति तथा कार्यविधि बनाई ग्राहकको पहिचान, भौगोलिक स्थान (Geolocation) तथा सोको सम्पुष्टि हुने सुनिश्चितताका आधारमा विद्युतीय माध्यमबाट समेत खाता खोल्न वा व्यावसायिक सम्बन्ध स्थापित गर्न सकिनेछ।

(आ) यस्तो कार्यविधिले विद्युतीय माध्यमबाट प्राप्त गर्न सकिने आवश्यक कागजात तथा विवरणहरुको सूची, सही कागजात तथा विवरणहरू प्राप्त गर्न भरपर्दो विद्युतीय माध्यम र नियमित रुपमा सम्पुष्टि गरिने विधि समेत तय गरेको हुनु पर्नेछ।

(इ) विद्युतीय माध्यमबाट गरिने कारोबारमा हुनसक्ने जोखिम एवं दुरुपयोगबाट सुरक्षित रहन सूचक संस्थाले पर्याप्त उपायहरु अवलम्बन गर्नु पर्नेछ।

(घ) सूचक संस्थाले नेपाली नागरिकको हकमा राष्ट्रिय परिचयपत्रको विद्युतीय अभिलेखमा रहेको विवरणको पहुँचका आधारमा राष्ट्रिय परिचयपत्रको विवरण यकीन गरी अनिवार्य रुपमा राष्ट्रिय परिचयपत्र आधारमा व्यवसायिक सम्बन्ध स्थापना गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

तर, नाबालकको हकमा खाता सञ्चालकको मात्र लिन बाधा पर्ने छैन।

(२) ग्राहक पहिचान गर्दा कानुनी व्यक्ति वा प्रबन्धको तहगत संरचना वा स्वामित्व रहेको देखिएमा प्रत्येक तहको र त्यस्तो व्यक्ति वा प्रबन्ध उपर नियन्त्रण गर्ने व्यक्ति अर्कै रहेको देखिएमा

त्यस्ता व्यक्तिका अतिरिक्त नियमावलीको नियम ६ को उपनियम (१) ,(२) र (३) बमोजिमको प्राकृतिक व्यक्तिको समेत पहिचान गर्नु पर्नेछ।

(३) कुनै प्राकृतिक व्यक्तिको कारोबारमा निजको परिवार बाहेक अन्य कुनै व्यक्तिको तर्फबाट व्यवसायिक सम्बन्ध स्थापना वा कारोबार सम्बन्धी काम कारबाही गरेको शंका लागेमा सोको समेत पहिचान गर्नु पर्नेछ।

(४) सूचक संस्थाले धितोपत्रमा लगानी गर्ने लगानीकर्ता वा ग्राहक बाहेक अन्य कुनै व्यक्तिले लगानीकर्ता वा ग्राहकको नाममा सूचक संस्थाको कार्यालयमा कारोबार गर्न आएमा त्यसरी कारोबार गर्न आउने व्यक्तिको नाम, थर, सम्पर्क नम्बर वा ठेगाना र ग्राहकसँगको सम्बन्ध खुलाउने विवरण लिनु पर्नेछ।

(५) ग्राहकको खाता खोल्ने सिलसिलामा सूचक संस्थाले सम्बन्धित ग्राहकमा निहित जोखिमको आधारमा देहाय बमोजिमका व्यक्तिहरुको ल्याप्चे सहिछाप वा विद्युतीय माध्यमबाट वायोमेट्रिक (Bio-Metric) लिनु पर्नेछः-

(क) प्राकृतिक व्यक्तिको हकमा खातावाला।

तर, नावालकको हकमा खाता सञ्चालकको मात्र लिन बाधा पर्ने छैन।

(ख) कानूनी व्यक्ति वा प्रबन्धको हकमा सञ्चालकहरू सबैको।

(६) ग्राहक पहिचान तथा सम्पुष्टि गर्दा यस निर्देशनको अनुसूची -१ मा तोकिएका कागजात तथा विवरणहरु लिनुपर्नेछ। साथै, ऐन, नियमावली तथा यस निर्देशन बमोजिम ग्राहक पहिचान तथा सम्पुष्टि गर्दा सम्बन्धित ग्राहकमा निहित जोखिमको आधारमा थप कागजात तथा विवरणहरु लिन आवश्यक देखिएमा सो समेत लिनु पर्नेछ।

(७) सूचक संस्थाले नियमावलीको नियम ६९ बमोजिमको सूचीकृत व्यक्ति, समूह वा सँगठनको अद्यावधिक सूची समेतलाई ग्राहक पहिचान पद्धतिको आधारको रुपमा लिनु पर्नेछ।

(८) ग्राहकले उपलब्ध गराएको मोबाइल नम्बर, इमेल, ठेगाना, फोटो लगायतका विवरण निज ग्राहककै रहे नरहेको सुनिश्चित गर्न निहित जोखिमका आधारमा संस्थाले आवश्यक पहिचान पद्धति अवलम्बन गर्नु पर्नेछ।

(९) ग्राहक पहिचानसँग सम्बन्धित विवरण एकीकृत रूपमा विद्युतीय माध्यममा राखी जोखिम सापेक्ष हुने गरी अद्यावधिक गरे नगरेको निश्चित गर्नु पर्नेछ।

(१०) ग्राहक पहिचान गर्दा ग्राहक एकीकृत पहिचान पद्धति अवलम्बन गरे नगरेको सुनिश्चित गर्नुपर्नेछ। फरक फरक सेवा सुविधा लिने ग्राहकको आवश्यकता अनुसारको थप विवरणसमेत एकै ठाँउमा थप गर्न सकिने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ।

५. **सूचिकृत व्यक्ति पहिचान सम्बन्धमाः** (१) सूचक संस्थाले ऐनको परिच्छेद ६ख .बमोजिम प्रकाशन गरिएको सूची तथा नियमावलीको नियम ६९ बमोजिम गृह मन्त्रालयले विभिन्न माध्यमबाट उपलब्ध गराएको व्यक्ति, समूह वा सँगठनको सूची वा सोसँग सम्बद्ध अन्य कुनै व्यक्ति, समूह वा सँगठनसँग आफ्नो कारोबार भए नभएको नियमित रुपमा यकिन हुने अद्यावधिक प्रणाली स्थापना गर्नु पर्नेछ।

(२) सूचक संस्थाले सूचिकृत व्यक्ति, समूह वा सँगठन वा सोसँग सम्बद्ध व्यक्तिको धितोपत्र कारोबार खाता, धितोपत्र, अन्य कुनै कोष वा सम्पत्ति आफूसँग रहेको भएमा तत्काल लक्षित वित्तीय कारवाही सम्बन्धी कार्यविधि बमोजिम रोक्का राख्नु पर्नेछ वा फुकुवा गर्ने आदेश भएमा तत्काल फुकुवा गर्नु पर्नेछ।

(३) सूचक संस्थाले सूचिकृत व्यक्ति, समूह वा सँगठन वा सोसँग सम्बद्ध व्यक्तिको धितोपत्र कारोबार खाता, धितोपत्र, अन्य कुनै कोष वा सम्पत्ति लक्षित वित्तीय कारवाही सम्बन्धी कार्यविधि बमोजिम रोक्का राखेमा अनुसूची-३ र फुकुवा गरेमा अनुसूची-४ बमोजिमको ढाँचामा बोर्डलाई ३ दिनभित्र जानकारी गराउनुपर्नेछ र सोको एक प्रति वित्तीय जानकारी इकाईलाई समेत उपलब्ध गराउनु पर्नेछ।

(४) सूचक संस्थाले ऐनको परिच्छेद ६ख. र नियमावलीको परिच्छेद-६ बमोजिम गरिएका काम कारबाहीको प्रतिवेदन तयार गरी आफ्नो संचालक समितिमा पेश गरी मूल्याङ्कन गराई राखेको हुनु पर्नेछ।

६. **उच्च पदस्थ व्यक्ति पहिचान सम्बन्धमाः** (१) ऐनको दफा ७ख. बमोजिम उच्च पदस्थ व्यक्तिको विशेष पहिचान वा यकिन गर्ने प्रयोजनका लागि देहाय बमोजिमका संयन्त्रहरुको स्थापना गर्नु पर्नेछ।

(क) ग्राहकको हितग्राही खाता खोल्दा, ग्राहकसँग कारोबार गर्दा, ग्राहकसँग मार्जिन कारोबार गर्दा र ग्राहकको विवरण नियमित रुपले अद्यावधिक गर्दा उच्च पदस्थ व्यक्ति पहिचान हुने,

(ख) उच्च पदस्थ व्यक्ति थपघट भएको अवस्थामा तत्काल पहिचान हुने,

(ग) उच्च पदस्थ व्यक्तिको परिवार तथा सम्बद्ध व्यक्ति पहिचान हुने,

(घ) उच्च पदस्थ व्यक्तिको पदिय हैसियत र संलग्नता बमोजिमको जोखिम पहिचान हुने,

(२) उच्च पदस्थ व्यक्तिको पहिचान गर्दा देहाय बमोजिमको प्रक्रियाहरु अवलम्वन गर्नुपर्नेछः-

(क) ग्राहकबाट सूचना लिने वा स्वघोषणा गर्न लगाउने,

(ख) सार्वजनिक रुपमा उपलब्ध सूचना ग्रहण गर्ने,

(ग) सामाजिक सञ्जालमा उपलब्ध सूचनाहरुको विश्लेषण गर्ने,

(घ) व्यवसायिक रुपमा उपलब्ध तथ्याङ्क वा सफ्टवेयर प्रयोग गर्न सकिने,

(ङ) प्रचलित कानून बमोजिम कुनै निकायमा राखिएको यससम्बन्धी कुनै अभिलेखबाट सूचना लिने,

(च) नेपाल सरकार वा तोकिएका संस्था/निकायहरुबाट कम्तिमा पनि वार्षिक रुपमा सूची माग गरी उच्च पदस्थ व्यक्तिको सूची तयार गर्ने।

(३) संस्थाले उच्च पदस्थ व्यक्तिको वर्गीकरण देहाय बमोजिम गर्नु पर्नेछः–

(क) पदमा बहाल रहेका उच्च पदस्थ व्यक्ति,

(ख) पदमा बहाल नरहेका उच्च पदस्थ व्यक्ति,

(ग) छिमेकी वा नजिकका मुलुकको विदेशी उच्च पदस्थ व्यक्ति,

(घ) अन्य विदेशी उच्च पदस्थ व्यक्ति,

(ङ) अन्तर्राष्ट्रिय संस्थाको उच्च पदस्थ व्यक्ति।

(४) उच्च पदस्थ व्यक्तिको अभिलेख वा सूची निज उच्च पदस्थ पदबाट अवकाश वा हटेको वा निजसँग व्यवसायिक सम्बन्ध वा कारोबार समाप्त भएको मितिले कम्तीमा १० वर्षसम्म कायम राख्नु पर्नेछ।

(५) सूचक संस्थाले आफ्नो ग्राहक उच्च पदस्थ व्यक्तिका परिवार वा नजिकको सम्बन्ध भएका व्यक्ति भए नभएका यकीन गर्न आफूसँग ग्राहकबाट प्राप्त जानकारी तथा उपदफा (१) बमोजिम बनाइएको संयन्त्र प्रयोग गर्नु पर्नेछ।

(६) यो निर्देशन लागू भएको मितिले ६ महिनाभित्र सूचक संस्थाले सबै उच्च पदस्थ व्यक्तिको खातामा राष्ट्रिय परिचयपत्रको विवरण अद्यावधिक गर्नु पर्नेछ।

७. <u>वास्तविक धनी पहिचान सम्बन्धमाः</u> (१) ऐनको दफा ७ग. र दफा ३५क. तथा नियमावलीको नियम ६ बमोजिम वास्तविक धनीको पहिचान गर्न देहाय बमोजिमका संयन्त्रहरुको स्थापना गर्नु पर्नेछ।

(क) वास्तविक धनी पहिचान गर्ने,

(ख) वास्तविक धनी र निजसँग सम्बद्ध कारोबारका सुक्ष्म अनुगमन गर्ने र

(ग) वास्तविक धनी र निजसँग सम्बन्धित सम्पूर्ण कारोबारहरुको एकीकृत रुपमा अनुगमन गर्ने।

(२) वास्तविक धनी पहिचान गर्दा देहाय बमोजिमको प्रक्रियाहरु अवलम्बन गर्नु पर्नेछः–

(क) कानूनी व्यक्तिले सम्बन्धित दर्ता गर्ने निकायलाई बुझाएको प्रमाणित अद्यावधिक वास्तविक धनी (शेयरधनी लगत) को विवरण लिने,

(ख) ग्राहकबाट सूचना लिने वा स्व–घोषणा गर्न लगाउने,

(ग) सार्वजनिक रुपमा उपलब्ध सूचना ग्रहण गर्ने,

(घ) सामाजिक सञ्जालमा उपलब्ध सूचनाहरुको विश्लेषण गर्ने,

(ङ) प्रचलित कानून बमोजिम राखिएको अभिलेखबाट सूचना लिने,

(च) व्यवसायिक रुपमा उपलब्ध तथ्याङ्क लिने र

(छ) नेपाल सरकारका सम्बन्धित निकाय वा संस्था वा अन्य निकायहरुबाट सूचना माग गर्ने।

(३) वास्तविक धनी सम्बन्धी अभिलेख व्यवसायिक सम्बन्ध वा कारोबार समाप्त भएको मितिले पाँच वर्षसम्म कायम राख्नु पर्नेछ।

८. <u>संस्थागत जोखिम मूल्याङ्कन तथा व्यवस्थापन सम्बन्धमा :-</u> (१) सूचक संस्थाले ऐनको दफा ७घ. तथा दफा ३५ बमोजिम सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी सम्बन्धी संस्थागत जोखिमको पहिचान, मूल्याङ्कन तथा विश्लेषणका साथै सोको व्यवस्थापनका लागि अवलम्बन गरेका उपायहरू सहितको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको पहिलो त्रैमासभित्र बोर्डमा पेश गर्नुपर्नेछ। यसरी जोखिम मूल्याङ्कन गर्दा सूचक संस्थाले ग्राहकको जोखिम, प्रदान गर्ने सेवामा हुने जोखिम, भौगोलिक क्षेत्रगत जोखिम तथा सेवा प्रवाह गर्ने माध्यमबाट हुने जोखिम लगायतलाई आधार लिनु पर्नेछ। यस बाहेक जोखिम मूल्याङ्कन गर्दा देहाय बमोजिमका विषयलाई समेत आधार लिनु पर्नेछ।

(क) मुलुकको राष्ट्रिय तथा क्षेत्रगत जोखिम मूल्याङ्कन सम्बन्धी प्रतिवेदन,

(ख) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणको सम्बन्धमा धितोपत्र बजार नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था (International Organisation of Securities Commissions-IOSCO), फाइनान्सियल एक्सन टाक्स फोर्स (FATF) वा कुनै प्रतिष्ठित अन्तर्राष्ट्रिय संस्थाले जारी गरेको मापदण्ड, अध्ययन वा अनुसन्धानको प्रतिवेदन,

(ग) व्यवसायिक सम्बन्ध, कारोबारको सीमा र प्रकृति।

(२) उपदफा (१) बमोजिम सूचक संस्थाले जोखिम मूल्याङ्कन गर्नु अघि मूल्याङ्कनको पद्धति तथा वस्तुगत आधार तयार गरी बोर्डसमक्ष पेश गर्नु पर्नेछ।

(३) सूचक संस्थाले जोखिम मूल्याङ्कन प्रतिवेदन तयार भएपछि सञ्चालक समिति वा त्यस्तो समिति नरहेको अवस्थामा सूचक संस्थाको सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा निर्णय लिने समिति भए सो समिति र त्यस्तो समिति नभएमा सञ्चालन गर्ने मुख्य व्यक्ति वा प्रोप्राइटरले स्वीकृत गरी बोर्डसमक्ष पेस गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम पहिचान गरिएको जोखिमलाई उच्च, मध्यम तथा न्यून जोखिममा वर्गीकरण गर्नु पर्नेछ। सम्बन्धित सूचक संस्थाले आवश्यकता अनुसार जोखिमको समीक्षाको आधारमा थप वर्गीकरण गर्न सक्नेछन्।

(५) प्रत्येक आर्थिक वर्षको पहिलो त्रयमास भित्र सम्पत्ति शुद्धीकरण तथा आतङ्कारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी जोखिमको विश्लेषण गरी तयार गरिएको जोखिम मूल्याङ्कन प्रतिवेदनका आधारमा नीति तथा कार्यविधिमा आवश्यक परिमार्जन गरी जोखिममा आधारित वार्षिक कार्ययोजना समेत तर्जुमा गरी लागु गर्नु पर्नेछ।

(६) सूचक संस्थाले प्रतिवेदन वा सूचना दिनका लागि उपर्युक्त सूचना प्रविधि प्रणाली र सो सम्बन्धी कार्यविधि तर्जुमा गरी समयमै प्रतिवेदन पेस गर्ने व्यवस्था गर्नु पर्नेछ।

९. **बृहत् ग्राहक पहिचान सम्बन्धमाः** (१) ऐनको दफा ७ङ. को उपदफा (१) मा उल्लेख भएका ग्राहकहरुका अतिरिक्त देहाय बमोजिमका ग्राहकहरुसँग व्यवसायिक सम्बन्ध स्थापना वा कारोबार गर्दा समेत बृहत् ग्राहक पहिचान पद्धति अवलम्बन गर्नु पर्नेछ।

(क) विद्युतीय माध्यमबाट हुने कारोबार अन्तर्गत प्रणालीगत रुपमा महत्वपुर्ण र अस्वभाविक रुपमा शंकास्पद तवरबाट कारोबार गर्ने ग्राहक,

(ख) सूचक संस्था आफैले निर्धारण गरेको सीमा वा चरहरु (Variables) को आधारमा पहिचान भएका उच्च नेटवर्थ भएका ग्राहक,

(ग) सम्पत्ति शुद्धीकरण तथा आतङ्कारी कार्यमा वित्तीय लगानी सम्बन्धी अपराधमा संलग्न हुन सक्ने आधार देखिएका ग्राहक,

(घ) भ्रष्टाचार, करछली लगायत अन्य अपराधिक कार्यका आधारमा उच्च जोखिममा रहेका मुलुकका ग्राहक वा हाल बसोबास वा पेशा वा व्यवसाय गरिरहेका स्थान आदिका आधारमा जोखिममा रहेका ग्राहक,

**स्पष्टिकरणः** यस खण्डको प्रयोजनका लागि सूचक संस्थाले FATF को "High-Risk Jurisdictions subject to a Call for Action" वा "Jurisdictions under Increased Monitoring" मा सूचीकृत मुलक वा आतङ्कारी कार्यमा संलग्न व्यक्ति, समूह वा सङ्गठन वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी गर्ने व्यक्ति, समूह वा सङ्गठनको सम्पत्ति वा कोष रोक्का राख्ने सम्बन्धमा संयुक्त राष्ट्र संघको सुरक्षा परिषदबाट पारित निर्णय बमोजिम सूचीकृत भएका व्यक्ति, समूह वा सङ्गठनको सूची गृह मन्त्रालयको वेबसाइटमा प्रकाशित सूचीका आधारमा सम्बन्धीत मुलकहरूको सूची तयार गरी नियमित रुपमा अद्यावधिक गर्नु पर्नेछ।

(ङ) नगदको बढी प्रयोग हुने व्यवसायमा संलग्न ग्राहक वा नयाँ वित्तीय प्रविधि वा उपकरण मार्फत कारोबार गर्ने ग्राहक।

(च) प्रचलित कानून बमोजिम नैतिक पतन हुने कसूरजन्य कार्यमा संलग्न भई अदालतबाट कसूरदार ठहरिएको ग्राहक।

(२) उपदफा (१) बमोजिमका ग्राहकहरुसँग व्यवसायिक सम्बन्ध स्थापना गर्दा वा कारोबार गर्दा नियमावलीको नियम ८ मा उल्लेखित उपायहरुका अतिरिक्त देहायका थप उपायहरु अवलम्बन गरी बृहत् ग्राहक पहिचान पद्धति अवलम्बन गर्नु पर्नेछ।

(क) कारोबारको स्रोत पहिचान वा सम्पुष्टि गर्ने।

(ख) कारोबारको उद्देश्यको जानकारी वा सोको प्रमाण लिने।

(ग) कारोबारको अनुगमन गर्ने प्रयोजनका लागि सीमा निर्धारण गर्ने वा अन्य कुनै उपाय अवलम्बन गर्ने।

(घ) अन्तराष्ट्रिय प्रचलन अनुसार बृहत् ग्राहक पहिचान पद्धति गर्ने संयन्त्रको विकास गरी सो मार्फत सूचना लिने।

(३) सूचक संस्थाले उच्च जोखिम देखिएको ग्राहकसँग व्यवसायिक सम्बन्ध सुरु गर्ने वा नगर्ने, व्यवसायिक सम्बन्ध कायम गर्ने वा नगर्ने, कारोबारलाई निरन्तरता दिन वा नदिने सम्बन्धमा उच्च व्यवस्थापनको स्वीकृति लिने व्यवस्था गर्नु पर्नेछ।

१०. **<u>सरलीकृत ग्राहक पहिचान सम्बन्धमाः</u>** (१) सूचक संस्थाले ऐनको दफा ७च. र नियमावलीको नियम ९ बमोजिम सरलीकृत ग्राहक पहिचानको प्रक्रिया अवलम्बन गर्न सक्नेछ। यसरी सरलीकृत ग्राहक पहिचान तथा सो को सम्पुष्टि गर्दा देहाय बमोजिमका प्रक्रियाहरु अपनाउनु पर्नेछ।

(क) सरलीकृत ग्राहक पहिचानका लागि उपयुक्त सरल पद्धतिको विकास गर्नु पर्नेछ,

(ख) सरलीकृत वर्गीकरणमा परेका ग्राहकहरुको खाता खोल्ने, कारोबार गर्ने वा विवरण अद्यावधिक गर्ने क्रममा सरलीकृत प्रकृया अवलम्बन गर्नु पर्नेछ,

(ग) सरलीकृत ग्राहक पहिचान पद्धति अपनाई खोलिएका कारोबार खाताको लागि छुट्टै फारामको विकास गरी त्यस्ता ग्राहकहरुका विवरण राख्नु पर्नेछ।

(२) सूचक संस्थाले सरलीकृत ग्राहकसँग कारोबारका लागि सरल पद्धतिको विकास गरी कार्यान्वयन गर्दा सोको जानकारी बोर्डसमक्ष पेस गर्नु पर्नेछ।

(३) सूचक संस्थाले सरलीकृत वर्गीकरण गरिएका ग्राहकसँग धितोपत्रसँग सम्बन्धित कारोबार गरे बापतको रकमको भुक्तानी बैंकिङ्ग प्रणाली मार्फत मात्र हुने व्यवस्था सुनिश्चित गर्नु पर्नेछ।

११. **<u>विद्यमान ग्राहक तथा वास्तविक धनी पहिचान अद्यावधिक सम्बन्धमाः</u>** (१) सूचक संस्थाले ऐनको दफा ७छ. को उपदफा (१) बमोजिम विद्यमान ग्राहक तथा वास्तविक धनीको सम्बन्धमा विद्युतीय

माध्यमबाट विवरण राखी आवश्यक परेको बखत जुनसुकै समयमा परीक्षण तथा विश्लेषण गर्न वा बोर्डले माग गरेको बखत तोकिए बमोजिमको ढाँचामा उपलब्ध गराउन सक्ने गरी अद्यावधिक गर्नु पर्नेछ।

(२) सूचक संस्थाले ग्राहक पहिचान सम्बन्धी विवरणहरु देहाय बमोजिम नियमित रुपले अद्यावधिक गर्नु पर्नेछ।

(क) उच्च जोखिम देखिएका ग्राहकहरुको कम्तीमा वर्षको एक पटक।

(ख) ग्राहक पहिचान विवरण अनुरुप कारोबार मेल नखाएको अवस्थामा तत्काल।

(ग) ग्राहक पहिचानको कार्य पुरा नभएको अवस्थामा तत्काल।

(घ) ग्राहक पहिचान विवरणमा उल्लेखित सूचना, जानकारी तथा तथ्याङ्कको सत्यता वा पर्याप्तताको बारेमा सम्बन्धित सूचक संस्थालाई शंका लागेको अवस्थामा तत्काल।

(ङ) सूचक संस्थाले जोखिम मुल्याङ्कनको आधारमा जोखिममा आधारित प्रणाली बमोजिम उच्च जोखिममा रहेका ग्राहकहरुको विवरण अद्यावधिक गर्ने संयन्त्र स्थापित गर्नु पर्नेछ।

(३) सूचक संस्थाको कुनै पदाधिकारी वा कर्मचारीले ग्राहकको बारेमा प्रत्यक्ष वा अप्रत्यक्ष, औपचारिक वा अनौपचारिक रुपमा प्राप्त गरेको सूचनाको विश्लेषण गरी ग्राहक पहिचानलाई अद्यावधिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(४) ग्राहक पहिचान अद्यावधिक गर्दा आफूसँग भएको पूर्व सूचना वा कागजात बाहेक परिवर्तन भएको, हुन सक्ने र नयाँ विवरण तथा कागजात मात्र सम्बन्धित ग्राहकसँग माग गर्नु पर्नेछ। साथै, ग्राहक स्वयं उपस्थित भई उपलब्ध गराउनुपर्ने वा अद्यावधिक गराउनु पर्ने विवरण बाहेक अन्य विवरणहरु सूचक संस्थाले अन्य उपयुक्त माध्यमबाट लिन सक्नेछन्।

(५) ग्राहक पहिचान गर्दा वा ग्राहकको विवरण अद्यावधिक गर्दा वित्तीय जानकारी इकाईलाई उपलब्ध गराउनुपर्ने न्यूनतम सूचना वा जानकारी लिनु पर्नेछ।

(६) ग्राहक पहिचान गर्दा वा ग्राहकको विवरण अद्यावधिक गर्दा राष्ट्रिय जोखिम मूल्याङ्कन र पारस्परिक मूल्याङ्कन प्रतिवेदनले औंल्याएका उच्च जोखिमयुक्त व्यवसाय सम्बद्ध व्यवसायीहरू तथा निजसँग आवद्ध व्यक्तिहरूको पहिचान गरी निजहरूको कारोबारलाई प्राथमिकतामा राखी अनुगमन गर्नु पर्नेछ।

(७) सूचक संस्थाले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण लगायत अन्य गैर कानूनी तथा आपराधिक कार्यको नियन्त्रणमा कमजोर देखिएका मुलुकको सूची तयार तथा अद्यावधिक गरी सोही बमोजिम ग्राहक पहिचान राखी निजहरुको कारोबारलाई प्राथमिकतामा राखी अनुगमन गर्नु पर्नेछ।

(८) ग्राहक पहिचान अद्यावधिक गर्ने क्रममा यथासम्भव प्रयास गर्दा समेत सम्पर्क हुन नसकेका ग्राहकको छुट्टै विवरण तयार गर्नु पर्नेछ।

(९) कुनै प्राकृतिक व्यक्ति वा कानूनी व्यक्तिको प्रथमपटक खाता खोल्दा माग गरिएका सम्पूर्ण विवरणहरु सहित कानूनी व्यक्तिको हकमा पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण गरिएको वित्तीय विवरण माग गरी ग्राहक पहिचान सम्बन्धी व्यवस्थाको कार्यान्वयन गर्नु पर्नेछ।

(१०) ग्राहक तथा वास्तविक धनीको पहिचान गर्दा सूचक संस्थाले अनिवार्य रुपमा जोखिममा आधारित ग्राहक पहिचान प्रकृया अवलम्बन गर्नु पर्नेछ। सबै वर्गका ग्राहक तथा वास्तविक धनीको पहिचान गर्न, अद्यावधिक गर्न र थप जानकारी माग गर्न एउटै विधि तथा प्रकृया अवलम्बन नगरी सम्बन्धित ग्राहक, कारोबार, स्थान र सेवाको प्रकृति अनुसार जोखिम अनुमान गरी सोको आधारमा गर्नु पर्नेछ।

(११) ग्राहक तथा वास्तविक धनीको पहिचान एवं अद्यावधिक गर्ने कार्यलाई सूचक संस्थाले आफ्नो नीति तथा कार्यक्रमको मुख्य कार्ययोजनामा समावेश गरी सोको नियमित रुपमा अनुगमन गर्ने व्यवस्था गर्नु पर्नेछ।

१२. **प्रविधिगत पहिचान तथा सूचना संकलनको प्रणालीगत व्यवस्था सम्बन्धमाः** ग्राहक तथा वास्तविक धनी लगायतका व्यक्तिको आधारभूत सूचना तथा कागजात सहितका अन्य विवरण जोखिमका आधारमा नियमित रुपमा विद्युतीय प्रविधिको प्रयोग गरी अद्यावधिक गर्नु पर्नेछ र सो कार्यका लागि सूचना प्रविधि प्रणाली विकास गरी कार्यान्वयन गर्नु पर्नेछ।

१३. **सीमा कारोबार सम्बन्धमाः** (१) कुनै व्यक्ति वा कानूनी व्यक्तिले एकै पटक वा पटक पटक गरी एक दिनमा दस लाख रुपियाँ वा सो भन्दा बढी रकमको धितोपत्रको कारोबार गरेमा सम्बन्धित सूचक संस्थाले ऐनको दफा १०क. बमोजिम सोको विवरण अनुसूची-५ बमोजिमको ढाँचामा त्यस्तो कारोबार भएको मितिले १५ दिनभित्र वित्तीय जानकारी इकाईले तोकेको सफ्टवेयर मार्फत वित्तीय जानकारी इकाईमा उपलब्ध गराउनु पर्नेछ।

(२) ग्राहकले दश लाख वा सो भन्दा बढीको तोकिएको सीमामा धितोपत्र कारोबार गरेमा सूचक संस्थाले कारोबारको रकम, श्रेस्ता वा हिसाव सञ्चालन सम्बन्धी छुट्टै अभिलेख तयार गर्नु पर्नेछ र त्यस्तो कारोबारमा प्रयोग हुने रकमको श्रोत समेत उल्लेख गर्न लगाई अध्यावधिक गरी राख्नु पर्नेछ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि सूचक संस्थाहरुले देहायका सरकारी कार्यालय तथा संस्थाहरुले गरेको कारोबारको विवरण वित्तीय जानकारी इकाईमा पठाउन आवश्यक हुने छैन।

(क) नेपाल सरकार वा नेपाल सरकार अन्तर्गतको कार्यालय वा निकायले गरेको कारोबार,

(ख) विशेष ऐन अन्तर्गत स्थापित निकायले गरेको कारोबार,

(ग) बोर्डमा धितोपत्र दर्ता भएको सँगठित संस्थाले धितोपत्रको खरिद वा विक्रि गर्न स्थापना गरेको र बोर्डबाट अनुमति प्राप्त सहायक संस्थाले गरेको कारोबार।

तर, छुट दिइएका उक्त कारोबारहरुको हकमा शंकास्पद कारोबारको पहिचान गर्न र सो बमोजिमको विवरण तयार गरी वित्तीय जानकारी इकाईमा पठाउन छुट दिएको मानिने छैन।

(४) सीमा कारोबार विवरणलाई वित्तीय जानकारी इकाईले जारी गरेको TTR Guidelines बमोजिम वर्गीकरण गरी वित्तीय जानकारी इकाईले तोकेको सफ्टवेयर मार्फत वित्तीय जानकारी इकाईलाई विवरण उपलब्ध गराउनु पर्नेछ।

१४. **<u>खास कारोबारमा विशेष ध्यान दिनुपर्नेः</u>** सूचक संस्थाले ऐनको दफा ७ढ. मा उल्लिखित विषयको अतिरिक्त निम्न बमोजिमका खास कारोबारको सम्बन्धमा विशेष ध्यान दिने प्रणालीको विकास गरी लागू गर्नु पर्नेछः

(क) नाबालकको नाममा दोस्रो बजारमा नियमित रूपमा हुने कारोबार,
(ख) वास्तविक स्वामित्व परिवर्तन नहुने गरि भएका कारोबार,
(ग) धितोपत्र सम्बन्धी प्रचलित कानूनले धितोपत्र कारोबार गर्न निषेध गरिएको कारोबार,
(घ) धितोपत्र सम्बन्धी कसुर भएको हुन सक्ने कारोबार,
(ङ) धितोपत्रको हक हस्तान्तरण (Right Renounce) बाट भएको कारोबार,
(च) कारोबार प्रणाली बाहिर बाह्य कारोबार मार्फत हुने बल्क करोबार,
(छ) सूचक संस्थाले जोखिमको आधारमा आफै पहिचान गरेका खास करोबार।

१५. **<u>कारोबार गर्न नहुनेः</u>** सूचक संस्थाले ऐनको दफा ७ण. र नियमावलीको नियम १३ बमोजिमको अवस्थाको ग्राहकसँग व्यवसायिक सम्बन्ध राख्न वा कारोबार गर्नु हुँदैन।

१६. **<u>शंकास्पद कारोबार गतिविधि सम्बन्धमाः</u>** (१) ऐनको दफा ७ढ. को उपदफा (१) र यस निर्देशनको दफा १४ मा उल्लेखित खास कारोबार तथा ऐनको दफा ७ध. बमोजिमको अवस्थाहरुका सम्बन्धमा शंकास्पद कारोबार पहिचान गर्ने प्रणालीको विकास गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पहिचान भएको शंकास्पद कारोबारहरूको आवश्यक जाँचबुझ गरी तत्काल शंकास्पद कारोबार/गतिविधि प्रतिवेदन (STR/SAR) वित्तीय जानकारी इकाईले निर्धारण गरे बमोजिमको प्रणाली मार्फत वित्तीय जानकारी इकाई समक्ष पेश गर्नु पर्नेछ। सो प्रतिवेदन तयार गर्दा वित्तीय जानकारी इकाईले जारी गरेको STR/SAR Guidelines तथा अन्य मार्गदर्शनहरुलाई आधार लिन सकिनेछ।

(३) अनुसन्धान गर्ने निकायहरुबाट अनुसन्धानका सिलसिलामा कुनै व्यक्ति वा संस्थाको विवरण वा सूचना माग गरेको विषय शंकास्पद कारोबारको विषय समेत भएको देखिएमा त्यस्तो

ग्राहकको शंकास्पद कारोबार/गतिविधी प्रतिवेदन (STR/SAR) सूचक संस्थाले वित्तीय जानकारी इकाईसमक्ष पेश गर्नुपर्नेछ। त्यस्तो शंकास्पद कारोबार प्रतिवेदनमा नयाँ तथ्य वा विषय जानकारी हुन आएमा अतिरिक्त सूचनाको रुपमा अभिलेख गरि ग्राहकको पहिचान तथा जोखिम स्तर अद्यावधिक गर्नु पर्नेछ।

(४) शंकास्पद कारोबारको पहिचान, प्रतिवेदन लगायतका व्यवस्था अवलम्बन गर्दा जोखिमको मूल्याङ्कन, ग्राहक पहिचान, कारोबार र जोखिममा आधारित प्रणालीको आधारमा गर्नु पर्दछ।

(५) सूचक संस्थाले ग्राहकद्वारा धितोपत्रसँग सम्बन्धित सम्बद्ध कसूरको शंकास्पद कारोबार गर्ने प्रयास वा शंकास्पद गतिविधिको पहिचान गर्ने प्रणाली विकास गर्नुपर्नेछ। साथै, धितोपत्रसँग सम्बन्धित सम्बद्ध कसूरको शंकास्पद गतिविधि सम्बन्धी प्रतिवेदन तयार गर्दा आवश्यक जाँचबुझ गर्ने पद्धती राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जोखिमको आधारमा आफ्नो संस्थाको कामकारवाही, कार्य प्रकृति र ग्राहक सेवाको आधारमा शंकास्पद कारोबारको पहिचान सम्बन्धमा विस्तृत मार्गदर्शन तयार गरी लागु गर्ने र सामयिक रुपमा अद्यावधिक गर्नु पर्नेछ।

(६) सूचक संस्थाले ऐनको दफा ७ध. उपदफा (२) बमोजिम ग्राहकले कुनै शंकास्पद कारोबार गर्ने प्रयास मात्र गरेमा समेत सोको आवश्यक जाँचबुझ गरी तत्काल त्यस्तो शंकास्पद गतिविधि सम्बन्धी प्रतिवेदन (Suspicious Activity Report-SAR) वित्तीय जानकारी इकाईले तोकेको सफ्टवेयर मार्फत ३ दिनभित्र वित्तीय जानकारी इकाई समक्ष पेश गर्नु पर्नेछ।

(७) सूचक संस्थाले प्रचलित कानून बमोजिम वा ऐनको दफा ७ण. को उपदफा (१) बमोजिमको अवस्थाको ग्राहक र नियमावलीको नियम ३, ४ वा ५ बमोजिम ग्राहक पहिचान सम्बन्धी प्रावधानहरु पालना हुन नसक्ने व्यक्तिको हकमा कारोबार वा व्यावसायिक सम्बन्ध स्थापना नगर्ने वा कारोबार खाता खोलेको भए पनि व्यावसायिक सम्बन्ध अन्त्य गर्नुपर्नेछ। यस्तो अवस्थामा संस्थालाई आवश्यक लागेमा शंकास्पद गतिविधि प्रतिवेदन वित्तीय जानकारी इकाईमा पेश गर्न सक्नेछ।

(८) कुनै ग्राहक सम्पत्ति शुद्धीकरण वा आतंककारी कार्यमा संलग्न रहेको शंका लागि त्यस्तो ग्राहकको पहिचान प्रक्रिया अगाडी बढाउँदा शंका गरेको विषय ग्राहकले अनुभूति गरेको लागेमा संस्थाले ग्राहक पहिचान प्रक्रिया अगाडी नबढाई शंकास्पद कारोबार/गतिविधि (STR/SAR) वित्तीय जानकारी इकाईमा पेश गर्नु पर्नेछ।

(९) सूचक संस्थाले कानूनी व्यक्ति वा कानूनी प्रबन्धले व्यावसायिक कारोबारसँग सम्बन्धित रकम त्यस्तो कानूनी व्यक्ति वा कानूनी प्रबन्धको खाता बाहेक अन्य कसैको व्यक्तिगत खातामा भुक्तानी दिने वा लिने गरेको पाइएमा वा प्रचलित कानून बमोजिम बाहेक व्यक्तिगत बचत खातालाई

व्यावसायिक कारोबारको माध्यम बनाइएको पाइएमा सूचक संस्थाले शंकास्पद कारोबारको रुपमा सोको जानकारी वित्तीय जानकारी इकाई दिनु पर्नेछ।

(१०) सूचक संस्थाले वित्तीय जानकारी इकाईमा पेश गर्नुपर्ने सीमा तथा शंकास्पद कारोबार/गतिविधिक (TTR/STR/SAR) प्रतिवेदनलाई विद्युतीय माध्यमबाट पेश गर्नका लागि सूचक संस्थाको कोर सिस्टम वा अन्य विद्युतीय माध्यममा ग्राहकका विवरण समयमै अद्यावधिक गरी नियमावलीको नियम ३६ अनुसार अनिवार्य रुपमा विद्युतीय माध्यमबाट मात्र पेश गर्नु पर्नेछ।

१७. **रकम लेनदेन सम्बन्धमाः** (१) धितोपत्रको खरिद बिक्री लगायत सूचक संस्था र ग्राहक बीच भएको धितोपत्रसँग सम्बन्धित अन्य कारोबार गरे बापतको रकम भुक्तानी एकाउन्ट पेयी चेक वा विद्युतीय माध्यम मार्फत गर्नुपर्ने।

(२) ग्राहकसँग सम्बन्धित कारोबारको लागि अन्य कुनै असम्बन्धित व्यक्तिको खाताबाट रकम भुक्तानी भएमा सूचक संस्थाले सो सम्बन्धमा जाँचबुझ गरी आवश्यक कार्य गरेको हुनु पर्नेछ।

१८. **प्रतिवेदन पेश गर्ने सम्बन्धमाः** (१) ऐनको दफा ४४ज. को उफदफा (१) बमोजिम सूचक संस्थाले सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्यमा तथा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारणका सम्बन्धमा वर्षभरि गरेका काम कारवाहीको समीक्षा सहितको वार्षिक प्रतिवेदन अनुसूची–६ बमोजिम तयार गरी आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र बोर्ड समक्ष पेश गर्नु पर्नेछ।

(२) सूचक संस्थाले यो निर्देशन बमोजिम सम्पादन गरेका काम कारबाहीहरूको अर्ध वार्षिक प्रतिवेदन तयार गरी अर्ध वार्षिक अवधि समाप्त भएको पन्ध्र दिनभित्र अनुसूची–७ को ढाँचामा बोर्डमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमका प्रतिवेदनहरू बोर्डले तोकिदिए बमोजिम विद्युतीय माध्यमबाट समेत पेश गर्नु पर्नेछ।

१९. **आन्तरिक नियन्त्रण सम्बन्धमाः** (१) सूचक संस्थाको संचालक समितिले ऐन, नियमावली र यस निर्देशनको पालना हुने गरी आवश्यक आन्तरिक नीति, कार्यविधि वा नियन्त्रण प्रणालीको तर्जुमा गरी लागू गर्नु पर्नेछ।

(२) ऐनको दफा ७त. को उपदफा (३) बमोजिम ऐन, नियमावली र यस निर्देशन बमोजिमको दायित्व निरन्तर रुपमा पूरा गर्न व्यवस्थापन स्तरको कार्यान्वयन अधिकारी नियुक्त गरी निजको नाम, ठेगाना, योग्यता, सम्पर्क नम्बर, इमेल लगायतका विवरण बोर्ड तथा वित्तीय जानकारी इकाई समक्ष पेश गर्नु पर्नेछ। साथै, कार्यान्वयन अधिकारी परिवर्तन भएमा वा निजको विवरणमा परिवर्तन भएमा सो को समेत जानकारी पठाउनु पर्नेछ। यस्तो विवरण वित्तीय जानकारी इकाईमा पठाउँदा वा अद्यावधिक गर्दा वित्तीय जानकारी इकाईले तोकेको सफ्टवेयर मार्फत गर्नु पर्नेछ।

(३) उपदफा २ बमोजिम नियुक्त कार्यान्वयन अधिकारीको काम, कर्तव्य तथा अधिकार ऐनको दफा ७त.को उपदफा (४) बमोजिमको अतिरिक्त देहाय बमोजिम समेत हुने गरी तोक्नु पर्नेछ।

(क) ऐन, नियमावली र यस निर्देशन बमोजिमको कार्य प्रभावकारी बनाउन सम्पर्क व्यक्तिको रुपमा काम गर्ने,

(ख) ऐन, नियमावली र यस निर्देशन बमोजिमको कार्य प्रभावकारी रुपमा गर्न नीति, कार्यविधि र प्रणाली मस्यौदा तर्जुमा गरी पेश गर्ने,

(ग) विभाग, पदाधिकारी तथा कर्मचारीबाट ऐन, नियमावली र यस निर्देशन बमोजिम प्राप्त अस्वभाविक वा शंकास्पद कारोबार सम्बन्धी सूचना विश्लेषण तथा जाँचबुझ गर्ने,

(घ) आफनो कार्य सम्पादन गर्न अन्य विभाग वा पदाधिकारीसँग विशेषज्ञ सेवा लिन वा आवश्यक जुनसुकै कागजात, विवरण वा सूचना निर्वाध रुपमा जुनसुकै वखत प्राप्त गर्न सक्ने,

(ङ) ऐन, नियमावली तथा यस निर्देशन बमोजिमको विषय कार्यान्वयन भए नभएको अनुगमन गरी प्रतिवेदन पेश गर्ने।

(४) उपदफा (२) मा जनुसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ७त. को उपदफा (४), नियमावली तथा यस निर्देशन बमोजिम कार्यान्वयन अधिकारीको भूमिकामा प्रतिकूल असर पर्ने गरी कार्यविभाजन वा जिम्मेवारी निर्धारण गर्नु हुँदैन। सूचक संस्थाले व्यवस्थापकीय तहको कार्यान्वयन अधिकारी प्रमुख रहने गरी एक अलग्गै सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण इकाई खडा गर्नु पर्नेछ। कार्यान्वयन अधिकारीको नियुक्ति तथा शंकास्पद कारोबार प्रतिवेदन पठाउने सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गर्नु पर्नेछः-

(क) सूचक संस्थाले कार्यान्वयन अधिकारी नियुक्ति गर्दा निज उक्त संस्थाको पदाधिकारी वा उच्च व्यवस्थापन तहका कर्मचारीको एकाघर परिवार वा नजिकको नातेदार नरहेको यकीन गर्नु पर्नेछ।

(ख) सूचक संस्थाले शङ्कास्पद कारोबारको प्रतिवेदन पठाउँदा त्यस्तो संस्थाको कार्यान्वयन अधिकारीको एकाघर परिवार वा नजिकको नातेदारको विवरण पठाउनुपर्ने भएमा निज बाहेक अन्य अधिकारीबाट प्रतिवेदन पठाउने व्यवस्था मिलाउनु पर्नेछ।

(५) कार्यान्वयन अधिकारीले ऐन, नियमावली तथा यस निर्देशन बमोजिमको विषय कार्यान्वयन गर्ने सिलसिलामा माग गरेको आवश्यक सूचना, जानकारी, कागजात, अभिलेख वा विवरण उपलब्ध नगर्ने सम्बन्धित सूचक संस्थाका पदाधिकारी वा कर्मचारीलाई विभागीय कारवाहीको

सिफारिस गर्नु पर्नेछ र सो सिफारिस बमोजिम सम्बन्धित सूचक संस्थाले कारबाही गर्नु पर्नेछ। यसरी गरिएको कारबाहीको जानकारी बोर्डलाई गराउनु पर्नेछ।

(६) सूचक संस्थाको सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी कार्यमा प्रत्यक्ष तथा नियमित रुपमा संलग्न कर्मचारीहरुलाई तोकिएको कार्यक्षेत्र अनुसार कम्तीमा तीन महिनामा एक पटक ऐन, नियमावली र यस निर्देशन बमोजिम भए/गरेका काम कारवाहीको सम्बन्धमा सुधार गनुपर्ने बिषय समेत समेटिएको प्रतिवेदन सञ्चालक समितिमा पेश गर्नु पर्नेछ र सञ्चालक समितिले आवश्यक समीक्षा गरी उपयुक्त निर्णय गर्नु पर्नेछ।

(७) ऐन, नियमावली र यस निर्देशनको पालना प्रभावकारी एवं परिणाममुखी बनाउनका लागि सूचक संस्थाले आफ्नो शेयरधनी, सञ्चालक समितिका सदस्यहरु तथा उच्च व्यवस्थापन र कर्मचारीहरुलाई देहाय बमोजिम हुने गरी संस्थागत क्षमता अभिवृद्धि कार्यक्रममा सहभागी गराउने व्यवस्था मिलाउनु पर्नेछ।

(क) संस्थाको चुक्ता पुँजीको दुई प्रतिशत वा सो भन्दा बढी सेयर स्वामित्व भएका सेयरधनी, सञ्चालक समितिका सदस्यहरु तथा उच्च व्यस्थापनलाई सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणको विषयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।

(ख) कर्मचारीको हकमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी क्षमता अभिवृद्धिका लागि बार्षिक कार्य तालिका बनाई नियमित रुपले तालिम कार्यक्रममा सहभागी गराउने।

(ग) तालिम तथा क्षमता अभिवृद्धिका सम्बन्धमा नियमावलिको नियम ९३ बमोजिमको तालिम मापदण्ड पालना गर्नु पर्नेछ।

(८) सूचक संस्थाले यस निर्देशन अन्तर्गत तर्जुमा गरिएको नीति तथा कार्यविधिमा आतङ्ककारी कार्य तथा आम विनाशकारी हातहतियारको निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धमा छुट्टै प्रावधान राख्नुपर्नेछ। साथै, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को परिच्छेद ६ख. मा उल्लेखित व्यवस्था पालना हुने गरी आतङ्ककारी कार्य तथा आम विनाशकारी हातहतियारको निर्माण तथा विस्तारमा वित्तीय लगानी सम्बन्धमा निरन्तर अनुगमन गर्नको लागि कार्य प्रणाली अवलम्बन गर्नु पर्नेछ।

(९) सूचक संस्थाको सञ्चालक समिति, कार्यकारी प्रमुख तथा कर्मचारीहरूले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणसँग सम्बन्धित पालना गनुपर्ने आचरण सम्बन्धमा सदाचार नीति (Code of Conduct) तर्जुमा गरी लागू गर्नु पर्नेछ।

२०. **निरीक्षण/सुपरिवेक्षण तथा सम्परीक्षण सम्बन्धमाः** (१) सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, नियमावली र बोर्डबाट जारी निर्देशन बमोजिम सूचक संस्थाले जोखिमको आधारमा प्रणालीगत व्यवस्था, वित्तीय जानकारी इकाईमा रिर्पोटिङ्ग गरे/नगरेको तथा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा बोर्डबाट जारी भएका निर्देशनहरुको प्रभावकारी कार्यान्वयन भए नभएको सम्बन्धमा बोर्डबाट जोखिममा आधारित आवश्यक निरीक्षण तथा सुपरिवेक्षण गरिनेछ।

(२) सूचक संस्थाले ऐनको दफा ३५ङ. बमोजिम सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी नियन्त्रण सम्बन्धी प्रचलित कानून बमोजिम भए गरेका काम कारबाहीको दफा ३५च. बमोजिमको परिपालना परीक्षकबाट सम्परीक्षण गराई सोको प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको मितिले ६ महिना भित्र बोर्ड समक्ष पेश गर्नु पर्नेछ।

(३) सूचक संस्थाले आन्तरिक वा बाह्य लेखापरीक्षण गराउँदा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी नियन्त्रण सम्बन्धी प्रचलित कानून बमोजिम भए गरेका काम कारबाही समेत समावेश गराउनु पर्नेछ।

२१. **निरन्तर अनुगमन सम्बन्धमाः**) (१) सूचक संस्थाले ऐनको दफा ७झ. बमोजिम देहायको कार्य गरी ग्राहक, वास्तविक धनी वा कारोबारका निरन्तर अनुगमन गर्नु पर्नेछ।

(क) ग्राहकका सम्बन्धमा आफूसँग प्राप्त जानकारी, निजको व्यवसाय वा जोखिम सम्बन्धी विवरण अनुरुप कारोबार भए वा नभएको सुनिश्चित गर्न निजसँग व्यावसायिक सम्बन्ध कायम रहेसम्म सूक्ष्म परीक्षण गर्ने,

(ख) खण्ड (क) बमोजिम सूक्ष्म परीक्षण गर्दा आवश्यक भए निजसँग सम्पत्तिको स्रोत समेत माग गर्ने वा परीक्षण गर्ने,

